## बैठक संख्याः १७ (सत्रौं)

**मिति २०८३ वैशाख २४ गते विहिवार बसेको सन्दकपुर गाउँपालिका गाउँ कार्यपालिका बैठकका निर्णयहरू**

**प्रस्ताव नं.१ खानेपानी पाइपको भुक्तानी सम्बन्धमा**

उक्त प्रस्ताव माथि छलफल मिति २०८३ वैशाख १३ गते परेको अविरल वर्षाले वडा नम्बर ४ को वडा कार्यालय, प्रवोध मावि र मावु प्रहरी चौकीको खानेपानीमा क्षति पुगेको र सो कार्यालयहरुमा तत्काल खानेपानीको प्रबन्ध गर्न पाइप खरिद गरि दिइएकोमा सो पाइपको रकम वडाको सिफारिस र आवश्यक प्रमाण कागजात राखेर भुक्तानी दिने निर्णय गरियो।

**प्रस्ताव नं.२ भ्रमण स्वीकृत गर्ने सम्बन्धमा**

उक्त प्रस्ताव माथि छलफल गर्दा The Asia indigenous Pact (AIPP), In Partnership with the Inter Mountain Peoples Education and Culture in Thailand Association (IMPECT) र the Lawyers' Association for Human Rights of Nepalese Indigenous Peoples (LAHURNIP) को संयुक्त आयोजनमा मिति ११-१५ May 2026 सम्म Thailand को Hin Lad Nai मा हुन लागिरहेको Official Indigenous Community Governance Learning Exchange कार्यक्रममा सन्दकपुर गाउँपालिकाको थेवे (लिम्बु) किपट प्रथाजनित संरक्षित बन, जैविक विविधता संरक्षण तथा पर्यापर्यटन ऐन २०८१ अनुसार संरक्षणमा रहेको थेवे (लिम्बु) किपट र बन सम्बन्धी अनुभव आदानप्रदानका लागि यस सन्दकपुर गाउँपालिकाबाट समेत गा.पा. अध्यक्ष तुलाराम गुरूङ, उपाध्यक्ष श्री हरि वहादुर लुङ्गेली, वडा नम्बर ४ का वडा अध्यक्ष श्री ढाल वहादुर गुरुङ, वडा नम्बर ५ का वडा अध्यक्ष श्री यज्ञ वहादुर गुरुङ र सोही ऐन अनुसार गठन भएका समितिका पदाधिकारी र स्थानीय सरोकारवालालाई समेत आयोजकबाट आधिकारीक पत्र मार्फत निम्तो भइ आएकोमा वैदेशिक भ्रमणको सम्पूर्ण खर्च आयोजकले नै वेहोर्नेगरी उक्त कार्यक्रममा सहभागी भइ जान भ्रमण स्वीकृत गरिएको निर्णय गरियो ।

**प्रस्ताव नं.३ टोलस्तरीय विपद समिती गठन र प्रशिक्षण सम्बन्धमा**

उक्त प्रस्ताव माथि छलफल गर्दा गाउँपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न बनेको ऐनमा भएको व्यवस्था अनुसार टोलस्तरीय विपद समिती गठनका लागि वडा कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो । समिती गठन भएपछि समितिका पदाधिकारी तथा सदस्यहरुलाई विपद् व्यवस्थापन सम्बन्धी आधारभूत तालिम समेत प्रदान गर्ने निर्णय भयो ।

**प्रस्ताव नं.४ स्थानीय कला, भाषा, संस्कृतिको संरक्षण सम्बन्धमा**

उक्त प्रस्ताव माथि छलफल गर्दा सन्दकपुर गाउँपालिका भित्र रहेका स्थानीय कला, भाषा, संस्कृति, परम्परागत ज्ञान, सीप र प्रविधि तथा पुरातात्विक सम्पदाहरुको संरक्षण, संवर्धन र पुनःउत्थान गर्न पहिलो चरणमा अभिलेख व्यवस्थापन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ५ एक वडा एक उत्पादन कार्यक्रम सञ्चालन

उक्त प्रस्ताव माथि छलफल गर्दा एक वडा एक उत्पादन कार्यक्रम सञ्चालन गर्ने वडा कार्यालयले आफ्नो वडामा कुन कार्यक्रम सञ्चालन गर्ने हो वडा समिति र आम सरोकारवालाहरुको भेलाले निर्णय गर्नुपर्ने । वडाबाट निर्णय भएर आएको कार्यक्रमलाई कार्यपालिकाको बैठक मार्फत अनुमोदन गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

प्रस्ताव नं.६ नयाँ उद्यमी सिर्जना कार्यक्रम सम्बन्धमा

उक्त प्रस्ताव माथि छलफल गर्दा लघुउद्यम अन्तर्गत नयाँ उद्यमी सिर्जना कार्यक्रम वडा नम्बर ४ को माबुमा मौरी पालन सम्बन्धी तालिम सञ्चालन गर्ने निर्णय भयो ।

प्रस्ताव नं. ७ देउराली माइपोखरी सडक निर्माणको भुक्तानी सम्बन्धमा

उक्त प्रस्ताव माथि छलफल गर्दा E-BID मार्फत भएको देउराली माइपोखरी सडक निर्माणको काम प्रतिक्षा निर्माण सेवा कम्पनीले तोकिएकै समयमा निर्माण कार्य सम्पन्न गरी भुक्तानीका लागि माग गरेकोमा गाउँपालिकाको अनुगमन समितिले अनुगमन गरी तोकिएको मापदण्ड अनुसार काम भएको भनी प्रतिवेदन पेश गरेकोले उक्त भुक्तानी दिन मनासिव भएको भन्ने निर्णय भयो।

प्रस्ताव नं. ८ स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्बन्धमा

उक्त प्रस्ताव माथि छलफल गर्दा आर्थिक वर्ष २०८२|८३ को LGPAS का लागि आवश्यक कागजात अपलोड गर्न संघीय मामिला मन्त्रालयबाट निर्देशन भइ आएकोमा उक्त प्रणालीमा के कस्ता कागजात, के कसरी अपलोड गर्ने हो भनी सम्बन्धित बिषयगत समितिका संयोजक, सदस्य सचिव र शाखा प्रमुखहरुलाई आवश्यक अनुशिक्षण कार्यक्रम गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ९ सुरक्षित आप्रवासन (सामी) कार्यक्रम संचालन सम्बन्धमा

उक्त प्रस्ताव माथि छलफल गर्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पत्र संख्या २०८२|०८३ को चलानी नं. ९६ को मिति २०८२-०९-१६ गते प्राप्त पत्रानुसार सुरक्षित आप्रवासन कार्यक्रम अन्तरगत हाल संचालनमा रहेका कार्यक्रम तथा क्रियाकलापहरु आगामी आर्थिक वर्षहरुमा पनि शसर्त र स्थानीय तहको संयुक्त लगानी साझेदारीमा सामी कार्यक्रमलाई निरन्तरता दिने सर्व सम्मतले निर्णय गरियो ।

प्रस्ताव नं. १० आदरणीय माविको मेसिनरी वाल सम्बन्धमा

उक्त प्रस्ताव माथि छलफल गर्दा सन्दकपुर गाउँपालिका वडा नम्बर १ मा रहेको आदरणीय माध्यमिक विद्यालयको भवनलाई जोखिम हुने गरी पहिरो गएको र पहिरो तत्काल रोकथाम नगरे भवनलाई क्षति पुग्ने देखिएकाले पहिरो रोकथामका लागि विपद कोषबाट आवश्यक कामहरु गर्ने निर्णय गरियो । भुक्तानी अपुग भएका सभाबाट निर्णय गरी अर्को आर्थिक वर्षमा भुक्तानी हुने निर्णय भयो ।

**प्रस्ताव नं. ११ कार्यालय सहयोगी नियुक्ती सम्बन्धमा**

उक्त प्रस्ताव माथि छलफल गर्दा लुरिङ्गटार स्वास्थ्य चौकी र वडा नम्बर ३ को वडा कार्यालयमा कार्यालय सहयोगीको पद रिक्त रहेकाले उक्त पदहरुमा खुला सूचना आह्वान गरी योग्य उम्मेद्वारहरुमध्येबाट प्रतिष्पर्धात्मक लिखित र मौखिक परिक्षाको माध्यमद्वारा योग्य व्यक्ति छनौट गरी नियुक्त गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १२ सहयोग सम्बन्धमा**

उक्त प्रस्ताव माथि छलफल गर्दा देहाय बमोजिम विरामी र क्लवलाई आर्थिक सहायता दिने निर्णय भयो ।

| **सहयोग पाउने संस्था** | **सहयोग रकम** | **सहयोगको कारण** | **कैफियत** |
|---|---|---|---|
| हेलिबोध फुटबल क्लब | १० हजार | कलाकार जोन चाम्लिङ सहितको सांस्कृतिक कार्यक्रम सन्दकपुर गाउँपालिकाकै सिमाना जस्विरे इलाममा सम्पन्न गरेको | |
| वाङछेदर लामा | १० हजार | क्रोनिक किड्नी डिजिज | भोटखोला गाउँपालिका, संखुवासभाका निवर्तमान गाउँपालिका अध्यक्ष |